


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा
# सामाजिक परिवार

| अंक - १५ | पौष २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## दलित बस्तीमा आश्चर्यजनक परिवर्तन

उदयपुर मात्र होइन, सगरमाथा अञ्चलका सिरहा, सप्तरी जिल्लाका दलित, अछुत र सिमान्तकृत समुदायको सुदूर बासस्थानमा पुग्दा छक्क परें । जसलाई अछुत भनेर अहिले पनि बेग्ल्याइएको छ, मन्दिरभित्र पस्न दिइँदैन, कुकुर जाने ठाउँमा पनि पुग्नबाट रोकिन्छ, तर तिनै मानिसको भगवान्प्रति यति धेरै श्रद्धा र विश्वास ! अछुतको नाममा किनारा लगाइएका तिनै मानिस, तिनको पूरै समुदायको भगवान्प्रति रहेको श्रद्धा देखेपछि आफूलाई जस्तै पाषाण भन्नेको पनि मुटु बटारिन्छ र उसले दुई थोपा आँसु चुहाउँछ !



जुन भगवान्को मन्दिरमा दलितलाई पूजाआजा र प्रार्थनासम्म गर्न दिइँदैन, तिनै दलितहरूले जब आफ्नो समूहको नाम राख्ने बेला आयो, प्राय: सबैले भगवान्को नाम नै आफ्नो समुहको नाम राख्नुपर्छ भने । किन ? किनभने भगवान्को नाम लिएर थालिएको काममा सफलता मिल्छ । सरस्वती, श्रीराम, दुर्गा, माँ दुर्गा, बजरंगवली, दुर्गा भवानी, कृष्णदेव, शिव शान्ति, देवी जागरण, लक्ष्मी, भवानी, लक्ष्मी शिव बाबा, सीता, कल्याण, नन्द बाबा, बेलपत्र, देवदूत, चन्द्र सूर्य, आरती, मनकामना, राजदेवी, कामना, श्रीठाकुर बाबा, सन्तोषी, महादेव, श्रीकृष्ण, नवदुर्गा, देवदूत, दयालु, श्रीससिया महाराज, चन्द्रभोगा, दिनाभद्री, महादेवेश्वर, जगदम्बा, माँ भवानी, राजाजी, शिव-पार्वती, शिवशक्ति उनीहरूले आ-आफ्नो समूहको नाम यही राखे । जबकि लमजुङ, धादिङ र गोरखाका सामाजिक परिवारको नाम प्रगतिशील, दीपज्योति, चेतनशील, शुभलाभ, नमुनाजस्ता क्रान्तिकारी राखिएका रहेछन् । केहीले मात्र भगवान्कै नाम राखेर भक्तिभाव प्रकट गरेका पनि रहेछन् । जस्तै : कालिकामाई, श्रीदेवी, चण्डेश्वरी, चण्डीस्थान, कोटकालिका । मन्दिरहरूमा भगवान्को पूजा, फूल-प्रसाद चढाएर गर्न पाउन पनि आन्दोलन गर्नुपरिरहेछ दलितहरूले । पहाडको के कुरा त्यसभन्दा धेरै अवहेलना रहेछ दलितलाई भित्री मधेस र मधेसमा । अहिले पनि दिनदहाडै मधेसी दलितहरूले भगवान्को पूजा-अर्चना स्वतन्त्ररूपमा गर्न मुस्किल रहेछ । तर, दलित र सिमान्तकृत मानिसहरू भगवान्-भगवतीको नाममा आफूलाई संगठित गरिरहेको देख्दा कसलाई पो आश्चर्य नलाग्ला? २५-३० देखि ५०-६० परिवारसम्म 'सामाजिक परिवार' को नाममा सामूहिक काम गर्ने अभियान चलिरहेको रहेछ । दलित, अछुत र सिमान्तकृत मानिसहरूसँग सामूहिकरूपमा काम गरिरहेको 'समग्र विकास सेवा केन्द्र' का अनौठा कामहरूबारे सुनेपछि मलाई पनि त्यस्ता समूह हेर्ने इच्छा भयो । उदयपुरका विभिन्डिएका खहरेखोलाहरूबाट धकेलिँदै-धपेटिँदै झुपडीसँगै लालाबाला च्यापेर सार्दै जीवन गुजारा गरिरहेका बस्तीमा पुगें । भोग, रोग र बेरोजगारीसँगै छुवाछुतको महारोगले उनीहरूलाई पिरोलेको स्पष्टै देखिन्थ्यो गाउँमा । वर्षामा बाढीले मुख्य भूमिबाट सम्बन्ध विच्छेद भएर बस्ने दलित र गरिब बस्ती हिउँदमा जाडो-खडेरी र गर्मीमा भुङ्ग्रोझैं तातेर रहेको बगरमा भेटियो । असार, साउन र भदौमा जताततै छताछुल्ल पानी, बाढी र चुरेको लेदो हिलो बनेर बग्ने डरलाग्दो भूस्खलन ! यही उतार-चढावमा यिनको जीवन गुज्रिने रहेछ । यिनै झुपडी बस्ती रहेछन् समग्रको कार्यक्षेत्र । ती ठाउँ पुग्दा लाग्यो, योभन्दा गए/गुज्रिएको जीवन बिताउने मानिस सायद यो जिल्लामा अन्यत्र छैनन् । 'सामाजिक परिवार' गाउँका सिमान्तकृतहरूको संगठन रहेछ । जब उनीहरूको पहिचान हुन्छ ठाउँ हेरी, २०-२५ जनादेखि ४०-५० परिवारसम्मको समुह बनाइने रहेछ । जसमा महिलाहरूको सदस्य संख्या असी

प्रतिशत बढी हुने रहेछ । महिलाहरू भएकाले समग्रका कठोर नियमहरूको  पालना गर्न सम्भव भएको हुनुपर्छ अन्यथा समूहमा बसेपछि जाँडरक्सी खान र झैझगडा गर्न नपाइने नियमले तत्कालै हावा खाने थियो होला ! सामाजिक परिवारमा संगठित भएका दलित, अछुत र गरिबहरूलाई उनीहरूको घर-आँगनमा गएर सामाजिक कार्यकर्ताले नागरिक हकअधिकार, राज्यको काम कर्तव्य, मानवअधिकार, ऐनकानुनमा भएका व्यवस्था, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू कसले के काम गर्छन्, बजेटमा यसपालि कहाँ, के कति रकम छुटयाइएको छ, पुस्तिका बनाएर सामाजिक परिवारका सदस्यहरूलाई बाँडिने रहेछ । तालिमका



बेला कुन क्षेत्रबाट के प्राप्त हुन्छ, उनीहरूलाई सचेत बनाइने रहेछ ।

सामाजिक परिवारका सदस्यहरूलाई त्यसबाहेक आफ्ना कुरा राख्ने प्रजातान्त्रिक तरिका पनि सिकाइने रहेछ । सबैले एकैपटक होहल्ला गरेर बोल्न नपाइने रहेछ, पालैपालो र अरूलाई चोट नपर्ने गरी बोल्नुपर्ने रहेछ । झगडाको शैलीमा कुरा गर्न बन्देज रहेछ । बोल्नेले सबैलाई नमस्ते  गर्नुपर्ने, सभाध्यक्षलाई सम्बोधन गर्नुपर्ने रहेछ । आफ्नो भनाइ सकिएपछि सबैलाई सुनिदिएकोमा धन्यवाद भन्नुपर्ने रहेछ । बोलिरहँदा सुन्न बसेका सबैले सुन्नैपर्ने रहेछ । सबै सदस्यले बोल्नैपर्ने र टाठाबाठाले मात्रै सधैं बोलिरहन पनि नपाइने नियम रहेछ ।

यी केही नमुना कामहरू मात्र हुन् । सिरहा, सप्तरी, उदयपुरमा मात्र तीन सय बढी सामाजिक परिवार बनिसकेका रहेछन् । सामाजिक परिवारका ८० प्रतिशत सदस्य महिला रहनुले यी  जिल्लाका सिमान्तकृत परिवारमा यसले ल्याएको प्रभाव छर्लङ्ग देख्न सकिन्छ । सबैभन्दा चाखलाग्दो कुरा के भने यिनै सामाजिक परिवारसँग सम्बन्धित पाँच जना संविधानसभाको सदस्य बनेका समग्रका क्षेत्रीय संयोजक सिरहाका दुर्गा महतोले बताए । जिल्लाका सशक्त नेताका रूपमा दर्जन बढी सिमान्तकृत व्यक्तिहरू सामाजिक परिवारले तयार पारेको छ । जो धारा-प्रवाहरूपमा बोल्न सक्छन्, आफ्ना कुरा राख्न सक्दारहेछन् । कागोदेवी सदा सिरहा, नारायण सदा सप्तरी, चुतुमनी विक सप्तरी , सताउन देवी सदा सप्तरी, शिवदेव सदा सप्तरी, दुर्गाबहादुर नेपाली उदयपुर, गढाइ राम सप्तरी, जोगेन्दर राम सिरहा, अशेस्वर मण्डल सिरहा । यस्ता अनगिन्ती नामहरू उदीयमान् नेताहरूको छ, जो भाषण मात्र गर्दैनन्, सामाजिक सुधारका कामलगायत सामाजिक न्यायका लागि पनि उतिकै दत्तचित्त छन् । आफ्नो अधिकार र कर्तव्यबारे सचेत यी नेताहरू नयाँ नेपालका सम्पत्ति हुन्, यसमा कुनै शंका छैन । उनीहरू कुरा मात्र होइन एकदमै प्रतिकूल अवस्थामा पनि ज्याला-मजदुरी गर्दै सिमान्तकृत पारिएका मानिसहरूको हक स्थापित गर्ने आन्दोलनमा नेतृत्व गरिरहेछन् ।

दोस्रो, सामाजिक परिवार बनेका ठाउँमा दलित गरिबहरू एकढिक्का भएकाले कसैले हेप्न सक्दैन, हेप्नेहरूमा साहस छैन । अब हेपिएकाहरूलाई सम्मान दिनुपर्ने माहोल कम्तीमा सामाजिक परिवार रहेका वरिपरिका गाउँमा परेको छ किनभने उनीहरू नभए खेत हुनेहरूको खेतीपाती नै चल्दैन ।

तेस्रो उपलब्धि, पहिले दलित-सिमान्तकृत गरिबहरू लावारिसे थिए, अहिले सामाजिक परिवारको रूपमा सङ्गठित बनेपछि उनीहरूको आत्मबल बढेको छ । अहिले सामाजिक परिवारहरूको जिल्ला नेतृत्व पनि बनिसकेको छ । सुन्दा पनि अचम्म लाग्ने समस्याहरूको समाधानसमेत भएकाले सधैं एकतामा आउन नसक्नेहरू नै एकताबद्ध बनेर अधिकार प्राप्त गरिरहेका देखिन्छन् । उदाहरणका लागि ज्याला-मजदुरी गरिखाने दलित मजदुरहरू सिरहा-सप्तरीमा धान काटेपछि धान नै ज्याला पाउँथे । तर, त्यहाँ धान काट्दा धानका बालाभन्दा एक बित्तामुनि काटेर पहिले धान संकलन गरिने चलन रहेछ । त्यसपछि खेतमा बाँकी रहेको पराल धान भित्र्याइसकेपछि मात्र बिनाज्याला दलितहरूले काटेर धनीकहाँ पुर्‍याउनुपर्ने । त्यसबापत उनीहरूले कुनै ज्याला नपाउने । तर, मजदुर आन्दोलनले पराल काटेको ज्याला माग गरे । संझौता भयो, आठ बोझा पराल काटेपछि ज्यालास्वरूप एक बोझा पराल मजदुरले पनि पाउने भए । त्यसबाट मजदुरले आफ्ना गाईबस्तुलाई पराल खुवाउन पाए । घर छाउन र आगो बाल्न पनि पाए । झट्ट हेर्दा सामान्य लाग्ने यो सफलताले दलित-गरिब कामदारको हौसला मात्र बढाएको छैन, अधिकार मागेर होइन, संघर्ष गरेपछि प्राप्त गर्न सकिने  पाठ पनि

सिकेका छन् । यस्ता अनगिन्ती प्राप्तिका कथा तराईका सुदूर दलित बस्तीका सफलताका कथा बनिरहेछन् । यसले संगठित बनेपछि सफलता प्राप्त हुने जागरण सिमान्तकृत वर्गमा पैदा गरिरहेको छ । उनीहरूले अब शिर ठाडो गरेर प्रश्न सोध्न थालेको जो कसैले दलित-गरिब बस्तीमा देख्यो भने आश्चर्य नमाने हुन्छ ।

**(अन्नपूर्ण पोष्ट, २१ पुस २०६७ मा प्रकाशित कृष्ण मुरारी भण्डारीको लेखबाट साभार)**

## सामाजिक परिवारको अवधारणाको एक झलक

त्रियुगा नगरपालिकाअन्तर्गत लालपतामा रहेको ज्योति सामाजिक परिवारका महिलाहरूमा १३ जातिका २४ घर धुरी सङ्गठित छन् । जसमा सबै जातजातिहरूको समिश्रण पाइन्छ । राउत, ढुङ्गाना, बस्नेत, बोहरा, श्रेष्ठ, कार्की, विश्वकर्मा, थापा, निरौला, ढकाल, रम्तेल, पौडेल र खड्का गरी १३ थरका बासिन्दाहरूको सङ्गम थलो बनेको छ त्यो सामाजिक परिवार । २०६२ सालमा स्थापना भएको त्यस सापले हालसम्म नियमित बैठक बस्ने गरेको र आफ्ना हकहितका लागि गाउँदेखि जिल्ला तहसम्म आफ्ना आवाजहरू पुर्‍याई हिंसाविरुद्ध वकालत गर्दै आएका छन् । अर्कोतर्फ आर्थिक उन्नति गरी स्वावलम्बन बन्ने कामना पनि यिनीहरू सक्रिय छन् त्यसैको सिलसिलामा आफ्ना सदस्यहरूसँग मासिक बचत गर्ने र सो रकमलाई सदस्यहरूभित्र ऋण लगानी गर्ने, स्थानीय समस्याहरू मिलेर समाधान



गर्ने आदि कार्यहरू गर्दै आइरहेका छन् । उक्त सामाजिक परिवारले सीप विकाससम्बन्धी तालिमको माग गरेको छ । आफ्नै आयआर्जनका व्यवसाय शुरू गरी आत्मनिर्भर बन्ने यिनीहरूको लक्ष्य रहेको छ । बाहिरबाट हेर्दा लाग्थ्यो यो सिङ्गो देशको ग्रामीण बस्तीको प्रतिनिधिमूलक साप हो । किनकि नेपाल धेरै जात-जातिको साझा फूलबारी हो ।

## समग्र-स्वयम्सेवकलाई प्रथम चरणको तालिम

पौष १९ देखि २१ सम्म पूर्वी तराईका पाँच जिल्ला उदयपुर, सिरहा, सप्तरी, धनुषा र महोत्तरीका विभिन्न गाविसबाट छनोट भई आएका समग्रका स्वयम्सेवकहरूलाई सामाजिक परिवारको संस्थागत



विकाससम्बन्धी तालिम सञ्चालन गरियो । यो तालिमा १० जना महिला ( ३ दलित, ५ जनजाती, ७ मधेसी र २ अन्य) र १५ जना पुरुष (७ दलित, ४ जनजाती, १ मुस्लिम, १२ मधेसी र ३ अन्य) स्वयम्सेवक संलग्न थिए ।

## छनोट

धादिङ, गोरखा र लमजुङमा १८ जना स्वयम्सेवक छनोट प्रक्रिया सम्पन्न भयो । छनोट भएका स्वयम्सेवकहरूलाई आगामी महिनामा आधारभूत तालिम उपलब्ध गराइनेछ ।

## सम्झौता

समग्र विकास सेवा केन्द्र र जिल्ला विकास समिति लमजुङबीच लमजुङका चारवटा गाविसहरू बाँझाखेत, हिलेटक्सार, चिती र भूजुङमा स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्नका लागि सम्झौता सम्पन्न भयो ।

## अवलोकन भ्रमण

समग्रका अध्यक्ष बालकृष्णलाल जोशी तथा बीएसपी नेपालका कार्यसमिति सदस्य सुरेन्द्रलाल श्रेष्ठको टोलीले धादिङ जिल्लाको बेनीघाट गाविसको हर्कपुरस्थित आकाशे पानी सङ्कलन प्रविधिमा आधारित खानेपानी आयोजनाको निरीक्षण भ्रमण गर्नु भई आवश्यक सुझाव दिनुभयो । यो काम जिल्ला सामाजिक परिवार धादिङ र बीएसपी नेपालबीच सम्झौता भई सञ्चालन भएको हो । यसबाट त्यहाँका दुई विद्यालयका झण्डै ५०० बालबालिकाहरूले खानेपानीको सुविधा प्राप्त गर्नेछन् ।



## अनुगमन भ्रमण

समग्रका महासचिव दुर्गादत्त घिमिरे, गरिबी निवारण कोषका अधिकृत ओमप्रसाद पौडेल र समग्रका लोकेश राईसहितको टोली पौष १२ गते समग्र र गरिबीनिवारण कोषको सहकार्यमा सञ्चालित कार्यक्रमहरूको अनुगमन भ्रमण गर्न तसर्पु गाविसको पोखरीचौर र सल्ले पुग्यो । उक्त टोलीले त्यहाँका श्रमजीवी साप र मखमली सापसँग अन्तरक्रिया गरी त्यहाँको प्रगति, सिकाइ-भोगाइका बारेमा जानकारी लिनुका साथै सहभागीहरूको विभिन्न जिज्ञासाहरूलाई सम्बोधन गऱ्यो ।



## पौषमा सम्पन्न क्रियाकलापहरूको विवरण

| क्रियाकलाप | | सहभागी संख्या | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| स्थानीय तहमा मानवअधिकारको अनुगमन | ६२ | १०६८ | ३०९ | १३७७ |
| जातीय विभेद र मानवअधिकार उल्लङ्घनविरुद्ध जनचेतना अभियान | ३२ | १०३४ | ४८४ | १५१८ |
| जिल्ला स्तरीय तालिम (संस्थागत विकास) | १ | १० | २० | ३० |
| सा.प. स्तरको अभिमुखीकरण (संस्थागत विकास) | १०७ | १३१९ | ७२१ | २०४० |
| समन्वय/सञ्जाल स्थापना/माग पत्र पेस/लबिङ भ्रमण | ३ | ४५ | १९ | ६४ |
| सहभागितामूलक योजना निर्माण, स्रोतमापन तथा मुद्दाहरूको पहिचान, प्राथमिकीकरण | ४३ | ६६२ | २१८ | ८२० |
| अन्तरजातीय मिलान/द्वन्द व्यवस्थापन कार्य | १८ | २२८ | ८५ | ३१३ |
| शान्ति र सद्भावनासम्बन्धी कार्यक्रम | १६ | ६४९ | १८७ | ८३६ |
| सहकारी अभिमुखीकरण (सामाजिक परिवारलाई सहकारीमा आबद्ध वा दर्ता हुनका लागि सहजीकरण) | १ | ५ | २० | २५ |
| स्रोत, साधान र अधिकारमा दाबी | ८ | ११३ | ४६ | १५९ |

सम्पर्कका लागि ठेगानाः

**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चाबहिल, पो.ब. नं. - १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेलः **info@samagra-nepal.org.np**, वेभसाइटः **www.samagra-nepal.org**